# हलेसी तुवाचुङ नगरपालिका

स्थानीय राजपत्र

खण्डः ७ संख्याः सभा स्वीकृत मितिः २०८०/११/०५

भाग-१

# हलेसी तुवाचुङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन-२०८०

**प्रस्तावना:** नेपालको संविधानले स्थानीयतहलाई स्थानीय पूर्वाधार निर्माण, विकास परियोजनाको व्यवस्थापन, आर्थिक तथा व्यावसायिक क्रियाकलाप सन्चालन,सार्वजनिक सेवाप्रवाह जस्ता कार्य आफै वानिजी क्षेत्रसंगको साझेदारीमा सम्पादन गर्ने अधिकार प्रदान गरेको सन्दर्भमा, स्थानीयतहमा विकासका पूर्वाधार संरचना, आर्थिक तथा सामाजिक विकासका कार्य एवं सार्वजनिक सेवा क्षेत्रमानिजी क्षेत्रको पूंजीलगानीलाई आकर्षित गर्न, निजीक्षेत्रको सीप, दक्षता तथा प्रविधिको उपयोगको माध्यमबाट स्थानीयतहमाआर्थिक समृद्धि हासिल गर्न, नागरिकमाप्रवाहगरिने सेवाप्रभावकारी तुल्याउन, साझेदारीमा सन्चालन हुने परियोजनाको सुदृढ व्यवस्थापन गर्न, स्थानीयतहको विकास तथा व्यवस्थापनमानिजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्न तथा लगानीलाई प्रोत्साहन गर्न, उपयुक्त कानुनी व्यवस्था गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी, नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भः**(१) यस ऐनको नाम "हलेसी तुवाचुङ्ग नगरपालिकाको सार्वजनिकनिजी साझेदारी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा हलेसी तुवाचुङ्ग नगरपालिकाको सन्दर्भमा यस ऐनमा,

(क) **"अनुमतिपत्र"**भन्नाले सार्वजनिकनिजी साझेदारीमा परियोजनाकार्यान्वयन गर्न निजी क्षेत्रको व्यक्ति वा संस्थालाई समितिको सिफारिसमा नगरपालिको प्रदान गरेको अनुमतिपत्रवा स्वीकृति पत्र वा इजाजतपत्र सम्झनु पर्दछ ।

(ख) **"अनुमतिपत्रप्राप्त संस्था"**भन्नाले सार्वजनिकनिजी साझेदारी परियोजना कार्यान्वयन गर्न अनुमतिपत्रवा स्वीकृति पत्र वा इजाजत पत्रप्राप्त फर्म, कम्पनी वा निकाय सम्झनु पर्दछ ।

(ग) **"उपभोक्ता"**भन्नाले यस ऐन बमोजिम सार्वजनिकनिजी साझेदारी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग गर्ने वाउपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्दछ ।

(घ) **"उपप्रमुख"**भन्नाले हलेसी तुवाचुङ्ग नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(ङ) **"एकाइ"**भन्नालेदफा ६७ बमोजिम स्थापना गरिएको सार्वजनिकनिजी साझेदारी एकाइ सम्झनु पर्दछ ।

(च) **"जोखिम"** भन्नाले परियोजना सन्चालनका सम्बन्धमा उत्पन्न हुने आर्थिक, वित्तीय तथा व्यवस्थापकीय प्रतिकूलताका कारणले हुने तथा हुनसक्ने हानी नोक्सानी सम्झनु पर्दछ ।

(छ) **"तोकिएको"**वा**"तोकिएबमोजिम"**भन्नाले कुनै खास विषयमा यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) **"नगरपालिका"**भन्नाले हलेसी तुवाचुङ्ग नगरपालिका सम्झनु पर्दछ ।

(झ) **"परियोजना"**भन्नाले यस ऐन बमोजिम सार्वजनिकनिजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्दछ । सो शब्दले सार्वजनिकनिजी साझेदारीमा संचालन र व्यवस्थापन गरिने सार्वजनिक सेवाप्रवाह गर्ने कार्य समेतलाई जनाउंदछ ।

(ञ) **"पूर्वाधार संरचना"**भन्नाले नगरपालिकाभित्रका सार्वजनिक सडक, कृषि सडक, नहर, जलाशय, बांध, केबुलकार, अस्पताल तथा आधारभूत स्वास्थ्य केन्द्र, जलविद्युती वा जैविकवायु वा सौर्य लगायतका नवीकरणीय उर्जाको उत्पादन, प्रसारण तथा वितरण गर्ने संरचना, शीतभण्डार, कृषिफार्म, जडिबुटी प्रशोधन केन्द्र, औद्योगिकग्राम तथा विशेष आर्थिक क्षेत्र, कृषि उपज संकलन तथा बिक्री (बजार) केन्द्र, अतिथि गृह, रोजगार सूचना तथा सेवा केन्द्र, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन तथा सूचना तथा सेवा केन्द्र, पर्यटकीय दृष्टिले महत्वपूर्ण पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, व्यावसायिक तथा प्राविधिक शिक्षा तथा तालिम केन्द्र, उद्यमशीलता प्रवर्द्धन केन्द्र, प्रविधिविकास केन्द्र, आदिसंग सम्बन्धितपूर्वाधार संरचना सम्झनु पर्दछ र यो शब्दले यस्तै प्रकृतिकाअन्यपूर्वाधार संरचनालाई समेत जनाउंछ ।

(ट) **"प्रमुख"**भन्नाले हलेसी तुवाचुङ्ग नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा नियुक्त अधिकृत सम्झनु पर्दछ र यो शब्दले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गर्ने नगरपालिकाको अधिकृत कर्मचारीलाई समेत जनाउंछ ।

(ड) **"मनसायपत्र"**भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा निजी क्षेत्रका संस्थाले औपचारिक रुपमा आफ्नो संस्थाको मनसाय, इच्छा वा स्वीकृति प्रस्तुत गरेको व्याख्या सहितको मनसायपत्र सम्झनु पर्छ ।

(ढ) **"समिति"**भन्नाले दफा ६३ बमोजिम गठित सार्वजनिकनिजी साझेदारी निर्देशन तथा प्रवर्द्धन समिति सम्झनु पर्दछ ।

(ण) **"सम्भौता"**भन्नाले सार्वजनिकनिजी साभ्रेदारी परियोजना कार्यान्वयन गर्न समिति र प्रस्तावक बीच गरिएको परियोजना सन्चालनकाशर्त उल्लिखित सम्भौता सम्झनु पर्छ।

(त) **"सम्भाव्यतान्यून परिपूर्ति कोष"**भन्नाले आर्थिक रुपमा सम्भाव्य, औचित्यपूर्ण र दिगो हुने देखिएको तर विद्यमान स्थितिमा निजी क्षेत्रले लगानी गर्न नसक्ने अवस्थाका पूर्वाधार संरचनाको परियोजनाका लागि लगानीमा रहेको न्यूनता परिपूर्ति गर्नका लागि स्थापित कोष सम्झनु पर्दछ।

(थ) **"सर्वेक्षण"**भन्नाले परियोजना कार्यान्वयन गर्नका लागि आवश्यक तथ्यप्रमाणको संकलन, विश्लेषण तथा संयोजन गर्न गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ्ग डिजाइन कार्य र त्यसका लागि गरिने अन्वेषण समेतलाई सम्झनु पर्छ।

(द) **"सार्वजनिकनिजी साभ्रेदारी"**भन्नाले पूर्वाधार संरचनावा सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको डिजाइन, निर्माण, पुनर्निर्माण एवं पुनर्स्थापन, विस्तार, सञ्चालन, व्यवस्थापनवा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिकनिजी साभ्रेदारी निर्देशन तथा समन्वय समिति र लगानी गर्ने व्यक्ति वा निजी संस्थाबीच भएको समयवद्ध करारीय प्रवन्ध सम्झनु पर्छ।

(ध) **"रोयल्टी"**भन्नाले सार्वजनिक निजीसाभ्रेदारी अन्तर्गतको स्वीकृत परियोजना संचालनबाट हुने आय वा परियोजनाका कारणले हुने आयको सम्भौता बमोजिम नगरपालिकालाई प्राप्त हुने गरी निश्चित अंशको रकम सम्झनु पर्दछ।

(न) **"शुल्क"** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्ता सँग लिन पाउने सेवाशुल्क सम्झनु पर्छ।

## परिच्छेद २

## कार्यक्षेत्र, मापदण्ड र अन्य आधारभूत व्यवस्था

३. **सार्वजनिकनिजी साभ्रेदारीको लगानीका क्षेत्र निर्धारणः** नगरपालिकाले सार्वजनिकनिजी साभ्रेदारीमा कार्यान्वयन गरिने लगानीको क्षेत्र देहाय बमोजिम निर्धारण गर्नेछः

(क) **विकासका पूर्वाधार संरचना निर्माण**

१. भौतिक पूर्वाधार संरचना अन्तर्गत स्थानीय सडक, कृषि सडक,

२. साना जलविद्युत उत्पादन

३. वैकल्पिक तथा नवीकरणीय उर्जाको उत्पादन तथा वितरण

४. सार्वजनिक यातायात सेवा

५. सहरी सेवासम्वद्ध अन्य भौतिक पूर्वाधार

(ख) **उद्यम, आर्थिक सेवा तथा व्यावसायिक क्रियाकलाप**

१. औद्योगिकग्राम

२. मझौला, साना तथा घरेलु उद्यम

३. कृषि तथा पशु फार्मको विकास र सन्चालन

४. स्थानीय कृषिउपजको संकलन तथा विक्रीवितरण सेवा

५. जडीवुटी संकलन, प्रशोधन तथा विक्री सेवा

६. जैविक खेति तथा कृषि वनविकास

७. अतिथि गृहको सन्चालन र व्यवस्थापन

८. सीत भण्डारको सन्चालन र व्यवस्थापन

९. फोहोर मैलाप्रशोधन तथा जैविकमलउत्पादन,

(ग) **पर्यटन**

१. सांस्कृतिक तथा धार्मिक महत्वका क्षेत्रको पर्यटन पूर्वाधार विकास र पुनर्स्थापना

२. हलेसी लगायतका धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रको सेवा व्यवस्थापन

३. पर्यटन उद्योगसम्वद्ध अन्यपूर्वाधार (होटेल र व्यावसायिक आवास सेवावाहेक)

४. पर्यटन प्रवर्द्धन प्रशिक्षण

(घ) **उद्यमशीलता प्रवर्द्धन र मानवविकास**

१. प्राविधिक तथा व्यावसायिक उच्चशिक्षा

२. उद्यमशीलता विकास तथा व्यावसायिक सीप प्रशिक्षण

३. अस्पताल एवं आधारभूत स्वास्थ्य केन्द्रको निर्माण र सन्चालन

४. रोजगार सूचना तथा सेवा केन्द्र

(ङ) **नगरपालिकाले स्वीकृत गरेका नवप्रवर्तनका अन्य क्षेत्र**

४. **परियोजना र कार्यको छनौटका आधारः** (१) सार्वजनिकनिजी साझेदारी अन्तर्गतका परियोजना छनौटका आधारहरु देहायबमोजिम हुनेछन्:

(क) नगरपालिकाको दीर्घकालीन वा आवधिक योजनाको प्राथमिकतामा समावेश भएको क्षेत्रसंग सम्बन्धित,

(ख) नगरपालिका वा निजीक्षेत्रले त्यस्तो परियोजनाको लागत व्यहोर्न सक्ने अवस्था भएको,

(ग) परियोजनाको निर्माण र सन्चालनका लागि लाग्ने लगानी, लागत वा खर्चका आधारमा

(घ) निरन्तर रुपमा लाभ प्राप्त हुन सक्ने,

(ङ) स्थानीय स्रोत र साधनको उपयोग गर्न सकिने,

(च) आर्थिक, सामाजिक तथा पर्यावरणीय दृष्टिले सम्भाव्य भएको,

(छ) जोडिएका स्थानीयतहसंग सामन्जस्यकायम गरी कार्यान्वयन गर्न सकिने,

(ज) क्षेत्रविस्तारको पर्याप्त सम्भावनाभएको,

(झ) परियोजना सम्वद्ध जोखिमको व्यवस्थापन गर्न निजी क्षेत्र सक्षमभएको,

(ञ) यस सम्बन्धीअन्य मापदण्ड र आधार तोकिएबमोजिम हुनेछ ।

(२) सार्वजनिकनिजी साझेदारी अन्तर्गत कार्यान्वयनका लागि परियोजना छनौट गर्दा देहायका कुराहरुलाई विशेष रुपमाध्यान दिनु पर्नेछः

(क) परियोजना निर्धारित समयमा सम्पन्न हुन सक्ने स्थिति,

(ख) परियोजना सन्चालनका लागि निजी क्षेत्रको क्षमता, साधनस्रोत, प्रविधिको उपलब्धता र उपयोगका लागि इच्छाशक्ति,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सन्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका,

(घ) सम्भावित लगानीकर्ताको स्वीकारयोग्ता,

(ङ) समुदाय र उपभोक्ताले तिर्न स्वीकार गर्न सक्ने सेवाशुल्क,

(च) वित्तीय संस्थाले लगानीका लागि सकारात्मक सूचीमा राखिएका सम्भाव्य विषय क्षेत्र,

(छ) परियोजना सम्वद्ध र व्यावसायिक जोखिमको पूर्वानुमान गर्न र बहन गर्न सकिने,

(ज) परियोजनाको लाभएवं जोखिम बांडफांडको स्पष्ट स्वरुपनिर्धारण,

(झ) सम्झौता बमोजिम जटील प्रकृतिका परियोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रविधि र मानव संसाधनको उपलब्धताको सुनिश्चितता,

(ञ) स्थानीय समुदाय र सरोकारवालाको सहयोग र सद्भावहासिल हुन सक्ने र स्थानीय असंगठित पुंजी र क्षमताको उपयोग गर्न सकिने,

(ट) स्थानीयतहमा रोजगारी सृजना हुन सक्ने ।

५. **सार्वजनिकनिजी साझेदारी अन्तर्गत कार्यान्वयन नगरिने परियोजनाः**यस ऐनमा अन्यत्रजुनसुकै कुरा लेखिएको भएतापनि देहायका परियोजनावा सेवाको क्षेत्रमा सार्वजनिकनिजी साझेदारीका माध्यमबाट कार्यान्वयनगरिने छैनः

(क) परियोजनासम्वद्ध वित्तीय, प्राविधिकवा सन्चालन सम्बन्धी जोखिमनिजी क्षेत्रमा हस्तान्तरण हुन नसक्ने,

(ख) विशुद्ध रुपमानिजी क्षेत्रले नाफामा कमाउने उद्देश्य रहेको तथा सार्वजनिक स्वामित्वको उद्यम खडा गरी सार्वजनिक क्षेत्रको व्यापारीकरण हुने,

(ग) नगरपालिकाको सार्वजनिक जवाफदेहितामा प्रतिकूल असर पर्ने,

(घ) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ङ) राष्ट्रिय हितर सुरक्षामा प्रतिकूलताको सम्भावनाभएको परियोजना,

(च) वातावरण संरक्षण, मानवअधिकार, समावेशिता, मानव स्वास्थ्य जस्ता विषय प्रतिकूल हुनसक्ने परियोजना,

(छ) सार्वजनिक कामका लागि निजी क्षेत्रबाट प्रदान गरिएको दान, चन्दा, उपहार जस्ता स्रोत साधन उपलब्ध हुने,

(ज) नगरपालिकाले सार्वजनिकनिजी साझेदारीका आधारमा कार्यान्वयन नगरिने भनी अलग गरेका परियोजना,

(झ) संविधान र प्रचलितकानुनप्रतिकूल हुने परियोजना ।

६. **स्पष्ट मार्गचित्र तथा प्राथमिकता निर्धारणः सार्वजनिकनिजी साझेदारी अन्तर्गतको परियोजनाका सम्बन्धमा देहायका व्यवस्था गरिनेछन्:**

(क) आवधिक तथा बार्षिक योजना र कार्यक्रममा नगरपालिकाले समावेश गर्ने र मध्यकालीन बजेट तथा खर्च संरचनाले सम्वोधन गर्ने गरी रणनीतिक एवं कार्यनीतिक तथा योजनागत स्पष्टता कायमगरिनेछ ।

(ख) स्थानीय तहमा सार्वजनिकनिजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजना वा कार्यको प्राथमिकतानिर्धारण समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

(ग) यस्तो प्राथमिकता सूची स्थानीयतहभित्रका र सीमा जोडिएका स्थानीयतहकानिजी एवं व्यावसायिक क्षेत्रका प्रतिनिधिमूलक संघसंस्थासमेतको जानकारीका लागि सार्वजनिक गरिनेछ ।

(घ) यस्तो प्राथमिकता निर्धारणलाई स्थानीयतहको आर्थिक तथा सामाजिक अवस्थामा आएको परिवर्तन, कार्यान्वयनको समीक्षाको नतिजा र निजीएवं व्यावसायिक क्षेत्रको पृष्ठपोषण र सुझावका आधारमा पुनःप्राथमिकीकरण गर्न सकिनेछ ।

७. **सार्वजनिकनिजी साझेदारी अन्तर्गत परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्था:** समिते स्थानीयतहमा नगरपालिका वा निजी क्षेत्रले सन्चालन गरि आएका पूर्वाधार संरचना वा आर्थिक व्यावसायिक विषयकाकुनै परियोजनाको कार्यान्वयन सार्वजनिकनिजी साझेदारी अन्तर्गत गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

८. **सार्वजनिकनिजी साझेदारीका संस्था:** यस ऐनको प्रयोजनका लागि देहायका संस्था वा निकायलाई नगरपालिकाको साझेदारका रुपमा ग्रहण गरिनेछः

(क) प्रचलित कानुन बमोजिम दर्ता भएका कम्पनी, उद्योग व्यवसाय, बैंक तथा वित्तीय संस्था

(ख) निजीक्षेत्रका उद्योग व्यवसायको प्रतिनिधिमूलक संघसंस्था

(ग) व्यावसायिक क्रियाकलाप गर्ने उद्देश्य राखी कानुन बमोजिमदर्ता भएका गैरसरकारी संस्था, प्रतिष्ठान, आदि

(घ) सहकारी कानुन बमोजिम दर्ता भएका सहकारी संस्था,

(ङ) कानुन बमोजिम दर्ता भएका समुदायमा आधारित संगठन र उपभोक्ता संगठन,

(च) उद्यमशील तथा व्यावसायिकव्यक्ति ।

**स्पष्टीकरण:** सार्वजनिकनिजी साझेदारी अन्तर्गत व्यक्तिविशेष संग साझेदारी गर्नु पर्ने परिस्थिति आई परेमा त्यस्तो व्यक्तिको सम्पत्ति साझेदारी प्रयोजनका लागि प्रयोग गर्नका लागि प्रचलित कानुन बमोजिम हकवाला सवैको लिखित मन्जुरी र त्यस्तो सम्पति बैंक तथा अन्य संस्थाद्धारा रोक्का नभएको भनि मालपोत कार्यलयको पत्रअनिवार्य रुपमालिनु पर्नेछ ।

## परिच्छेद ३

## सार्वजनिकनिजी साझेदारीका ढांचा र तरिका

९. **परियोजना कार्यान्वयन गर्न सकिने:**(१) नगरपालिका क्षेत्र भित्रपूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना कार्यान्वयन वा सार्वजनिक सम्पत्तिको उपयोग वा सार्वजनिक सेवा व्यवस्थापन को कार्य सार्वजनिक निजी साझेदारीएवं सहकार्यबाट गर्न सकिनेछ ।

(२) सार्वजनिकनिजी साझेदारीको परियोजना सन्चालन र व्यवस्थापन एवं सेवा सन्चालनका लागि देहायमध्येका सम्झौताको करारीय ढांचा र तरिका नगरपालिकाले अपनाउन सक्नेछः

(क) निर्माण, स्वामित्वकरण, सन्चालन र हस्तान्तरण,

(ख) डिजाइन, विकास, सन्चालन र हस्तान्तरण,

(ग) लिज, निर्माण, सन्चालन र हस्तान्तरण,

(घ) लिज, सन्चालन र हस्तान्तरण,

(ङ) पुनर्स्थापना, सन्चालन र हस्तान्तरण,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि पुर्न स्थापना भन्नाले मौजूदापूर्वाधार संरचनाको पुनरुत्थान, पुनर्निर्माण, मर्मत तथा सम्भार, विस्तार वा यस्र्त अन्यकार्य गरी पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्दछ ।

(च) सार्वजनिक सम्पत्ति परिचालन व्यवस्थापन करार,

(छ) सार्वजनिक सेवा सन्चालन करार,

(ज) समितिको सिफारिसमा नगरपालिकाले तोकेको अन्यकुनै तरिका

(३) उपदफा (२) बमोजिम परियोजना कार्यान्वयन, व्यवस्थापन करार वा सेवा सन्चालन करार सम्झौताको कार्यान्वयन गर्दा निर्माण, स्वामित्वकरण, सन्चालन, पुनर्स्थापना, मर्मत सम्भार, विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा कार्यान्वयन गर्न सकिनेछ ।

(४) उद्यमशील तथा व्यावसायिक व्यक्तिसंगको साझेदारीका लागि समितिले सार्वजनिकनिजी साझेदारीका ढांचा र तरिका निर्धारण गर्नेछ ।

## परिच्छेद ४

## परियोजना पहिचान, छनौट, स्वीकृति र सोको कार्यान्वयन

१०. **परियोजनाको चरणः** सार्वजनिकनिजी साझेदारी अन्तर्गतको परियोजना व्यवस्थापन देहायबमोजिमको चरणमा गरिनेछः

(क) योजना र पहिचानको चरण

(ख) छनौटको चरण

(ग) स्वीकृतिको चरण

११. **परियोजनाको पहिचानः** समितिले परियोजनाको पहिचानका लागि देहायकाकार्य गर्नेछः

(क) समितिलेनिजी क्षेत्रसमेतको परामर्शमा सार्वजनिकनिजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना वा सेवा क्षेत्रको पहिचान गरी सूचीतयार गर्नु पर्नेछ ।

यसरी सूचीतयार गर्दा सार्वजनिकनिजी साझेदारीको कुन ढांचा वातरिकाबाट कार्यान्वयन गर्नु पर्ने हो सोको व्यहोरा उल्लेख गरिनेछ ।

(ख) समितिले परियोजनावा सेवा क्षेत्रको सूचीतयार गर्दा सर्वेक्षण, अध्ययन वा लेखाजोखाबाट प्राप्त तथ्यगत प्रमाण र विवरणलाई मुख्यआधार मानिनेछ । यसमा प्राविधिक, वित्तीय र व्यवस्थापकीय विषयमा मुख्य रुपमा जोड दिइनेछ ।

(ग) एकाइले सार्वजनिकनिजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजनाको पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ र यसको सार्वजनिकीकरण समेत गर्नेछ ।

यसरी विवरण राख्दा एकाइले सम्भाव्यता अध्ययनवा सर्वेक्षण भएका वा नभएका परियोजनाको छुट्टा छुट्टै विवरण राख्नु पर्नेछ ।

(घ) एकाइले सर्वेक्षण, अध्ययनवा लेखाजोखाका आधारमा परियोजना बैंक स्थापना गर्नेछ र यस्तो जानकारी सार्वजनिक समेत गरिनेछ ।

१२. **परियोजना छनौटका आधारः** सार्वजनिकनिजी साझेदारी अन्तर्गत कार्यान्वयन गर्न सकिने गरी समावेश गरिने परियोजना छनौटका लागि देहायका विशेषता लाई आधारका रुपमालिइनेछः

(क) नगरपालिकामा संचालन गरि आएका पूर्वाधार निर्माण वाव्यवस्थापन एवं आधारभूत नागरिक सेवा,

(ख) पूर्वाधार संरचनाको निर्माण, पुर्न स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्य रही निजी क्षेत्र वा व्यावसायिक प्रतिष्ठानको पूर्ण वा आंशिक पुंजी लगानी भएको,

(ग) सम्झौता का आधारमा निजी क्षेत्रलाई पूर्वाधार निर्माण र सन्चालन वातिनको मर्मत सम्भार, सार्वजनिक सेवाको व्यवस्थापन गर्ने गरी जिम्मेवारी दिइएको,

(घ) निजीक्षेत्रको थप पुंजी परिचालन र उपयोग हुनसक्ने सम्भावनाभएको, नवीनप्रविधि र व्यवस्थापनविधिको उपयोग हुनसक्ने, प्रभावकारी रुपमा सार्वजनिक सेवाको व्यवस्थापन हुन सक्ने,

(ङ) निजीक्षेत्रबाट परियोजना जोखिम बहन हुनसक्ने र गर्न सकिने प्रत्याभूतिभएको,

(च) परियोजनाको निर्माण, कार्यक्षेत्र विस्तार, व्यवस्थापन र सन्चालनएवं सुधारका शर्त तथा अवधि स्पष्ट भएको,

(छ) परियोजनाको दिगोपन सुनिश्चितभएको ।

१३. **परियोजना स्वीकृत गर्नुपर्नेः** (१) पहिचानगरिएका सूचीकृत परियोजनावा सेवा क्षेत्रको साझेदारीमा कार्यान्वयन गर्नु अघि समितिले स्वीकृत गर्नु पर्नेछ । स्वीकृत परियोजनाको सूची सार्वजनिक रुपमा प्रकाशन गरिनेछ ।

(२) उपदफा(१)बमोजिम परियोजना स्वीकृत गर्दा त्यस्तो परियाजना कुन ढांचा वा तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

कुनै परियोजना एकभन्दा बढी ढांचा वा तरिकाबाट कार्यान्वयन गर्न सकिने भए एकभन्दा बढी ढांचा वा तरिका उल्लेख गरी स्वीकृत गर्न सकिनेछ ।

(३) उपदफा(१)बमोजिम स्वीकृति सूचीमा रहेका परियोजना कार्यान्वयनका लागि नगरपालिकाले आफ्नो बार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्नेछ ।

१४. **परियोजनाको कार्यान्वयन सम्बन्धी व्यवस्थाः**(१) यस ऐन बमोजिम सार्वजनिकनिजी साझेदारी अन्तर्गत पहिचान तथा स्वीकृतिभएका परियोजनाहरुको खरीद प्रक्रियाअन्तर्गत देहायकाकार्य पर्दछन्:

(क) पूर्वयोग्यता निर्धारणका लागि मनसाय पत्र आव्हान गर्ने,

(ख) पूर्वयोग्यता निर्धारणमा छनौट भएका आवेदन वाला संस्थाको संक्षिप्त सूचीतयार गर्ने र सार्वजनिक गर्ने,

(ग) संक्षिप्त सूचीमा समावेश भएका संस्थाबाट प्रस्तावमाग गर्ने,

(घ) प्रस्तावको मूल्यांकन गरी योग्यतम प्रस्तावकको प्रस्ताव छनौट गर्ने,

(ङ) प्रस्ताव स्वीकृत गर्ने,

(च) स्वीकृत प्रस्तावको कार्यान्वयनका लागि प्रस्तावकसंग परियोजना सम्झौता गर्ने,

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक करोड रुपैयां भन्दा कम अनुमानित लागत भएका परियोजनाको हकमा पूर्वयोग्यताका लागि आवेदन र प्रस्ताव सम्बन्धी विवरण छुट्टा छुट्टै खाममा रहने गरी एकै चरणमा खरीद प्रक्रिया अवलम्वन गर्न सकिनेछ ।

१५. **मनसायपत्रआव्हान गर्नेः** (१) एकाइले दफा१३. बमोजिम स्वीकृत सूचीमा समावेश भएका परियोजना सार्वजनिकनिजी साझेदारी माकार्यान्वयन गर्ने गरी तोकिएका व्यहोरा खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र पेश गर्न आव्हान गर्नेछ ।

(२) उपदफा(१)बमोजिमको सार्वजनिक सूचनाको प्रकाशन सम्भव भए सम्म आमसन्चारका सबै माध्यमबाट गर्नु पर्नेछ ।

(३) उपदफा(१)बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिवासंस्थाले तोकिएबमोजिमका प्रमाणसहितका विवरण खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधि भित्र एकाइ समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ ।

यस्तो सूचना मा मनसायपत्र बुझाइ सक्नुपर्ने समय सीमा र मनसायपत्र सम्बन्धी जवाफदेही पदाधिकारी समेत उल्लेख गर्नु पर्नेछ ।

यसरी, मनसायपत्रका लागि सार्वजनिक रुपमा आव्हान गर्दा परीक्षणका मापदण्ड र आधारसमेत सार्वजनिक गर्नु पर्नेछ ।

साथै, मनसाय पत्रका वारेमा परीक्षण गरी सूचीतयार तथा प्रकाशनको कार्यसम्पन्न गरिने समयसीमा समेत उल्लेख गरिनेछ ।

१६. **मनसायपत्रको परीक्षण तथा संक्षिप्त सूचीतयार गर्ने:** (१) तोकिएको समय सीमा भित्र समितिले मनसायपत्र पेश गर्ने संस्थाहरुको दस्तावेज परीक्षण गरी पेश गर्ने अन्तिममितिले पन्ध्र दिनभित्र मनसायपत्र छनौट गरी सोको संक्षिप्त सूचीतयार गर्नेछ ।

(२) उपदफा(१)बमोजिमतयार गरिएको संक्षिप्त सूची सार्वजनिक गरिनेछ र मनसायपत्रका आधारमा व्यक्ति वा संस्थाहरुको सूचीकरणका आधारसमेत स्पष्ट रुपमाउल्लेख गर्नु पर्नेछ ।

१७. **प्रस्तावआव्हान गर्ने**: (१)समितिले दफा १६ बमोजिम संक्षिप्त सूची सार्वजनिक गरेपछि सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्ति वा संस्थाबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी परियोजना प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा(१)बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमका विवरण खुलाई सो सम्बन्धी तथ्यगत प्रमाण सहित सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समय सीमा भित्र एकाइ समक्ष प्रस्ताव पेश गरिसक्नु पर्नेछ ।

यसरी प्रस्ताव पेश गर्दा कुनै प्रस्ताव नियमित भएको नदेखिएमा कारण सहित समयमै सम्बन्धित प्रस्तावकलाई दिनु पर्नेछ ।

१८. **सोझै प्रस्तावआव्हान गर्न सक्ने:** (१)ऐनको दफा१६ मा जुनसुकै कुरा लेखिएको भएता पनि पहिले नै सम्भाव्यता अध्ययनवा सर्वेक्षण भैसकेको भए समितिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरु खुलाई सार्वजनिक सूचनाप्रकाशन गरी इच्छुक योग्य व्यक्ति वा संस्थाहरुबाट सोझै परियोजना प्रस्तावआव्हान गर्न सक्नेछ । यस्तो अवस्थामा सोझै प्रस्तावआव्हान गर्नु परेको तथ्यगत कारण समेत सूचना मा खुलाउनु पर्नेछ ।

(२) उपदफा(१) यसरी प्रस्ताव प्राप्त भएकोमा छानविन गर्दा कुनै प्रस्ताव नियमित भएको नदेखिएमा कारण सहित समयमै सम्बन्धित प्रस्तावकलाई दिनु पर्नेछ ।

(३) प्राप्त प्रस्तावहरुको मूल्यांकनका आधार, विधि र तरिकाको जानकारी सूचनाद्वारा गराउनु पर्नेछ ।

१९. **प्रस्तावको मूल्यांकन गर्ने:** (१) दफा १७ बमोजिमप्राप्त प्रस्तावहरुको मूल्यांकनएवं सिफारिस गर्नका लागि समितिले एक प्रस्ताव मूल्यांकन विज्ञ उपसमिति गठन गर्नेछ ।

(२) प्रस्ताव मूल्यांकन विज्ञ उपसमितिले देहायका आधारमा प्रस्तावप्राप्त भएको मितिले पन्ध्र दिनभित्र सबै प्रस्तावहरुको मूल्यांकन गरिसक्नु पर्नेछ ।

(क) प्रस्तावकको आर्थिक हैसियत तथा वित्तीय स्वास्थ्य स्थिति,

(ख) प्रस्तावकको आर्थिक हैसियत,

(ग) प्रस्तावकको प्राविधिक तथा व्यवस्थापकीय क्षमता,

(घ) परियोजनाको प्रकृतिअनुसार नगरपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजनाको वातावरणीय अध्ययनप्रतिवेदन,

(च) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिने प्रस्तावित शुल्क,

(छ) प्रस्तावित वस्तु र सेवाको गुणस्तर,

(ज) नवीनतम वा उन्नतप्रविधिको प्रयोगको स्थिति,

(झ) परियोजनासंग सम्बन्धित तोकिए बमोजिमका अन्य कागजात तथा विवरण ।

(३) प्रस्तावमूल्यांकन विज्ञ उपसमितिले उपदफा (२) बमोजिमको मूल्यांकनप्रतिवेदन प्रस्तावप्राप्त भै कार्यशुरु गरेको मितिले पन्ध्र दिनभित्र सो सम्बन्धी प्रतिवेदन समितिमा प्रस्तुत गरिसक्नु पर्नेछ ।

(४) उपदफा(१)बमोजिम प्रस्ताव छनौटको मूल्यांकन का आधार र तरिका प्रस्ताव पेश गर्नु अगावै प्रस्तावकलाई उपलब्ध गराइनेछ ।

२१. **प्रस्ताव छनौट गर्नेः** (१) प्रस्ताव मूल्यांकन विज्ञ उपसमितिको मूल्यांकन प्रतिवेदनका आधारमा प्रतिवेदन पेश भएको मितिले पन्ध्र दिनभित्र समितिले उपयुक्त प्रस्ताव छनौट गरी सक्नु पर्नेछ ।

(२) उपदफा(१)बमोजिम छनौट भएका परियोजना प्रस्तावको जानकारी प्रस्ताव छनौट गरेकोमितिले सात (७) दिनभित्र प्रस्तावकलाई दिइनेछ ।

२२. **वार्ताद्वारा परियोजना कार्यान्वयनः** १) यस ऐनमा अन्यत्रजुनसुकै कुरा लेखिएको भएता पनि कम्तिमा दुईपटक सम्म पनि मनसायपत्र वा प्रस्ताव आव्हानगर्दा आवश्यक संख्यामा मनसायपत्र वा प्रस्तावन परेको मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको परियोजनाका विषयमा समितिले नगरपालिकाको अनुमतिलिई वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने भनी समितिले निर्णय गरेमा त्यस्तो परियोजना वार्ताद्वारा गराउन सकिनेछ ।

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुनसक्ने सम्भावना नभएको,

(ख) नयां अवधारणा वाप्रविधि समावेश भएको, वा

(ग) अन्यकुनै मनासिवमाफिकको कारणले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएको ।

३) उपदफा (२) बमोजिमको कुनै परियोजनावार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको व्यहोरा खुलाई एकाइ मार्फत नगरपालिका समक्ष आवेदन दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिमप्राप्तभएको आवेदन जाँचबुझगर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा नगरपालिकाले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउन सक्नेछ ।

५) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा नगरपालिकाले आवेदक व्यक्ति वा संस्थासँगदफा१९बमोजिमको वाअन्य आवश्यक विवरण माग गर्न सक्नेछ ।

२३. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन** : १) यस ऐनम ाअन्यत्रजुनसुकै कुरा लेखिएको भएता पनिविस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको सम्बन्धमा आवश्यक विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागि कुनै व्यक्ति वा संस्थाले एकाइ समक्ष आवेदन दिन सक्नेछ ।

२) उपदफा(१)बमोजिम परेको आवेदन उपर आवश्यक जाँचबुझगर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा नगरपालिकाले त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न, गराउन अनुमति दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिमविस्तृत सम्भाव्यता अध्ययनगर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने, गराउन व्यक्ति वा संस्था स्वयंले व्यहोर्नु पर्नेछ ।

४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने संस्था छनोट हुन नसकेमा सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदालागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनका लागि छनोट भएको प्रस्ताव स्वीकृत हुनेव्यक्तिवासंस्थाले व्यहोर्नु पर्नेछ ।

२४. **समझदारी-पत्र** : दफा २१ बमोजिम प्रस्ताव छनोट गरेपछि वा दफा २२ बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा लिखित समझदारी गर्नु पर्नेछ । तर परियोजनाको प्रकृति हेरी नगरपालिकाले प्रस्तावक सँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

२५. **परियोजनाको विवरण पेश गर्ने** : १) दफा २४ बमोजिम समझदारी-पत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारी-पत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारी

पत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी ६ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु समितिसमक्ष पेस गर्नु पर्नेछ ।

२) उपदफा(१)बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयावधिथपका लागि निवेदन दिएमा समितिले बढीमा तीनमहिनाको समयावधि थपगरिदिन सक्नेछ ।

२६. **रद्द गर्न सक्ने** : १) दफा २५.बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेस नगरेमा वा त्यसरी पेस गरिएको विवरण अध्ययनगर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा नगरपालिकाले सो सम्वद्ध कारण खुलाई प्रस्तावकसँग समझदारी पत्रवा प्रारम्भिक परियोजना सम्झौता गरेको भएत्यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा त्यस्तो प्रस्ताव रद्द गर्न सक्नेछ ।

२) उपदफा(१)बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना सम्झौतावा प्रस्ताव रद्द भएमा प्रस्तावकले समिति सँग कुनै किसिमको हानि नोक्सानीबापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

## परिच्छेद ५

## सम्झौता तथा अनुमतिपत्र सम्बन्धी व्यवस्था

२७. **सम्झौता गर्ने** : १) दफा २७ बमोजिम प्राप्त विवरणको छानविनका आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावक सँग आवश्यकतानुसार परामर्श गरी सम्झौता गर्नेछ ।

२) उपदफा(१)बमोजिम संझौता गर्नुपूर्व नगरपालिकाले समितिसँग परामर्श गर्नेछ ।

३) उपदफा(१)बमोजिम संझौतामा नगरपालिकाको तर्फबाट समितिको सदस्य सचिबले हस्ताक्षर गर्नेछ ।

४) प्रस्तावकले दफा२५को उपदफा (१) बमोजिमको विवरण संझौतामा लेखिएको अवधिभित्र पेस गर्नु पर्नेछ ।

२८. **सम्झौता रद्द हुनेः** दफा २५ बमोजिमको सम्झौतामा उल्लिखित अवधिभित्र प्रस्तावकले तोकिएको विवरण पेस गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता रद्द भएको मानिनेछ ।

२९. **सम्झौतामा खुलाउनु पर्ने कुराहरु** : दफा २७ बमोजिमको सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजनाकार्यान्वयन सुरु गर्ने र सम्पन्नगरिसक्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालनगर्दा अनुमतिपत्रप्राप्त संस्थाले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रबहाल रहनेअवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(झ) परियोजनाको सञ्चालनवा हस्तान्तरणको शर्त,

(ञ) परियोजना सञ्चालनगर्दा उपभोक्ता सँग लिनपाउने शुल्क,

(ट) परियोजनाको बीमा ,

(ठ) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी र सोको भुक्तानीविधि र तरिका,

(ढ) परियोजना कार्यान्वयनगर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा नगरपालिकाको कुनै लगानी हुने भएत्यस्तो लगानी र सो वापतप्राप्त गर्ने प्रतिफल,

(त) परियोजनाको जोखिम व्यवस्थापनका उपाय र जोखिमबहन गर्ने दायित्व,

(थ) परियोजनाको मर्मत सम्भार सम्बन्धी व्यवस्था,

(द) गुनासो व्यवस्थापन र विवाद समाधानकाउपाय,

(ध) अन्य आवश्यक विषय ।

३०. **परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था** : प्रस्तावकले परफर्मेन्स वण्ड बापत परियोजनाको कूललागतको शून्यदशमलवपाँच (०.५) प्रतिशत भन्दा कमनहुने गरी सम्झौतामा लेखिएबमोजिमको रकमवा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधि भित्र नगरपालिका समक्ष दाखिला गर्नु पर्नेछ ।

३१. **अनुमतिपत्र** : दफा २७बमोजिम सम्झौता गरेपछि नगरपालिकाले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ ।

३२. **रीत पुगेको मानिने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई दफा ३१ बमोजिम अनुमतिपत्रप्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

३३. **प्रतिकूलनहुने**: दफा ३१ बमोजिम जारी भएको अनुमति पत्रकाशर्तहरु उपर अनुमतिपत्रबहाल रहेको अवधिभर सम्झौताप्रतिकुल हुने गरी कुनै नीतिगत, कानूनी, प्रशासनिक वा कार्यविधिगत व्यवस्थागरिने छैन र सम्झौता का प्रतिकुल हुने गरी गरिएको कुनै पनिनीतिगत, कानूनी, प्रशासनिक वा कार्यविधि गतव्यवस्था मान्य हुने छैन ।

३४. **अन्यव्यक्तिवा संस्थालाई अनुमतिपत्रनदिइने** : परियोजनाको कार्यान्वयन गर्नका लागि कुनै क्षेत्रमाकुनै प्रस्तावकलाई अनुमतिपत्रदिई सकेपछि सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकुल असर पर्नेगरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्यव्यक्तिवा संस्थालाई नगरपालिकाले अनुमतिपत्र दिने छैन ।

३५. **अनुमतिपत्रको अवधिः** १) अनुमतिपत्रको अवधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२) अनुमतिपत्रको अवधितोकिएको आधारमा निर्धारण गरिनेछ ।

३) उपदफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनिविशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधिथपका लागि अनुमतिपत्रप्राप्त संस्थाले निवेदनदिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा समितिको सिफारिसमा नगरपालिकाले परियोजनाको प्रकृतिविचार गरी बढीमा ५ वर्षसम्म अनुमतिपत्रको अवधिथप गर्न सक्नेछ ।

३६. **अनुमतिपत्र रद्दगर्ने** : १) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सम्झौता बमोजिम परियोजना कार्यान्वयनप्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम, निर्देशिकावा सम्झौता विपरित कुनै काम गरेमा नगरपालिकाले अनुमतिपत्रप्राप्त संस्थालाई पूर्वसूचनादिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

२) उपदफा(१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमति पत्र प्राप्त व्यक्ति वा संस्था सँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

३) यस दफा बमोजिम अनुमति पत्र रद्द भएमा अनुमतिपत्र प्राप्तव यक्ति वा संस्थाले नगरपालिका सँग कुनै किसिमको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

३७. **रोयल्टी** : रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्रप्राप्त व्यक्ति वा संस्थाले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित विधि र तरिकाबाट नगरपालिकालाई बुझाउनु पर्नेछ ।

३८. **परियोजना हस्तान्तरण** : (१) अनुमतिपत्रप्राप्त व्यक्ति वा संस्थाले सम्झौतामा लेखिए बमोजिम नगरपालिका लाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

२) उपदफा(१)बमोजिम परियोजना हस्तान्तरण हुँदात्यस्तो परियोजनामा जडित मेसिन औजार, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालु अवस्थामा हुनु पर्नेछ ।

३९. **प्रविधि हस्तान्तरणः** सम्झौतामा उल्लेख भएबमोजिम परियोजना सम्वद्ध प्रविधि नगरपालिकालाई अनुमति पत्रप्राप्त व्यक्ति वा संस्थाले हस्तान्तरण गर्नेछ ।

४०. **नगरपालिकाको स्वामित्व** : दफा ३९ बमोजिम हस्तान्तरण भएको परियोजना र सोसँग सम्बन्धित घर जग्गा, प्रविधि, मेसिन औजार तथा उपकरणको स्वामित्व नगरपालिकाको हुनेछ ।

४१. **सार्वजनिक खरीद कानुन आकर्षित नहुनेः** यस ऐन बमोजिमको परियोजनाको कार्यान्वयनगर्दा सम्झौताबमोजिमका वस्तु तथा सेवाको खरीद व्यवस्थापनमा सार्वजनिक खरीद सम्बन्धी प्रचलित काननमा उल्लिखित प्रावधान लागू हुने छैन ।

## परिच्छेद ६

## परियोजनालगानी

४२. **लगानीको प्रोत्साहनः** समितिले निजी क्षेत्रको लगानीका लागि प्रोत्साहनका सम्भव भएसम्मका सबै उपाय अवलम्वन गर्नेछ ।

४३. **लगानीको व्यवस्था** : १) सम्झौता मा अन्यथा व्यवस्थाभएको बाहेक अनुमति प्राप्त व्यक्ति वा संस्थाले परियोजना कार्यान्वयन गर्न आवश्यक पर्ने लगानीको व्यवस्था गर्नुपर्नेछ ।

२) अनुमतिपत्रप्राप्त संस्थाले परियोजना अन्तर्गतको घर, जग्गावामुख्य मेसिन उपकरण धितो राखी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनु अघि नगरपालिकाको स्वीकृतिलिनुपर्नेछ ।

४४. **संयुक्तलगानीमा परियोजनाकार्यान्वयन** : १) यस ऐनमाअन्यत्रजुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले समितिको सिफारिसमा सम्झौतामाउल्लेख भएबमोजिमकुनै परियोजना कार्यान्वयन गर्न जग्गाउपलब्ध गराएर, स्वपूँजीमा हिस्सेदारी गरेर वाअन्य रुपमा संयुक्त लगानी गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमभएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले नगरपालिकाको हिस्सा लिनचाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी समितिको सिफारिसमा दिन सकिनेछ ।

४५. **नगरपालिकाले शेयर पुंजमा संयुक्तवा सहलगानी गर्न सक्नेः** (१) देहायकाआधारमा कम्पनीका रुपमा सन्चालित परियोजनामा विशेष अवस्थामा कुल पुजीगत लगानीको पच्चीस प्रतिशतमा नबढ्ने गरी शेयर पुंजीलगानी गर्न सक्नेछः

(क) परियोजनाआर्थिक रुपमादीगो तवरले विस्तारयोग्य र कार्यान्वयनका लागि सम्भाव्यभएको,

(ख) परियोजनाको डिजाइन, निर्माण तथा कार्यान्वयनमा नगरपालिकाको सहभागिताभएको,

(ग) लगानीका लागि सहज र अनुकूल वातावरण भएको,

(घ) परियोजनाको कार्यसम्पादनउत्कृष्ट रहेको भनी स्वतन्त्र मूल्यांकनबाट देखिएको,

(ङ) परियोजनाको उत्पादनको बजार सुनिश्चितभएको,

(च) परियोजनाको जोखिम पूर्वानुमान योग्यभएको र जोखिम समाधानका उपयुक्त उपाय अवलम्वन गर्न सकिने,

(छ) निजीक्षेत्रको थपलगानीका लागि प्रोत्साहन हुने ।

४६. **अन्य व्यक्ति वा संस्थासँग सम्झौता** : १) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना कार्यान्वयन गर्ने सिलसिलामा लगानीप्राप्त गर्न वा परियोजना बमोजिमको कुनै कामकुनै संस्थाबाट गराउने गरी सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौताभएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट अनुमतिपत्रप्राप्तव्यक्तिवासंस्थाले उन्मुक्तिपाउने छैन ।

२) उपदफा(१)बमोजिम अनुमति पत्रप्राप्त संस्थाले कुनै सम्झौता गरेको भएत्यस्तो सम्झौता भएको मितिले १५ दिनभित्र सो सम्झौताको प्रतिलिपि नगरपालिका समक्ष पेस गर्नु पर्नेछ ।

४७. **भुक्तानी संझौता :**अनुमतिपत्रप्राप्त व्यक्तिवासंस्थाले परियोजनानिर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी वा सम्झौता बमोजिमको शुल्क नउठाई अन्य रुपमा परियोजनामा गरेको लगानीफिर्ता पाउने गरी संझौताभएकोमा समितिले नगरपालिका संगको परामर्शमा एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकमभुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी छुट्टै संझौता गर्न सक्नेछ ।

४८. **परियोजना लागत सीमाः** यस ऐन बमोजिम सार्वजनिकनिजी साझेदारी अन्तर्गत पूर्वाधार निर्माण परियोजनाका हकमा १ करोड रुपैया भन्दा कम लागतभएको परियोजना नगरपालिकाले कार्यान्वयन गर्नेछैन ।तर, व्यक्तिसंगको साझेदारीमा सन्चालन हुने सार्वजनिक सेवाकाहकमा यो वन्देज लागू हुने छैन ।

४९. **लगानीसंरक्षण गर्नेः** १)यस ऐन बमोजिम सम्झौताभएको परियोजना र सोसंग सम्बन्धित घरजग्गा, मेशिन औजार, उपकरण एवं संरचनाको प्रचलित कानुनको अधिनमा रही नगरपालिकाले संरक्षण गर्नेछ ।

२) सम्झौतामा उल्लेख भएबमोजिम परियोजनामा लगानी गर्ने संस्थाको अधिकार नगरपालिकाले सुनिश्चित गर्नेछ ।

३) सार्वजनिकहितको सम्वर्द्धनका लागि बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नगरपालिकाले नियन्त्रण गर्ने, उपयोग गर्ने वा अधिग्रहण गर्ने  छैन र अन्यबाट समेत गर्न दिइने छैन ।यसका लागि नगरपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

४) परियोजनामा विदेशीलगानी गर्नुअघि प्रचलित संघीय कानुनबमोजिम स्वीकृतिलिनु पर्नेछ ।

## परिच्छेद७

## अनुमतिपत्रप्राप्त संस्थाको अधिकार

**५०. लगानी संरक्षित हुन पाउने अधिकारः** निजी क्षेत्रलाई आफुले सार्वजनिकनिजी साझेदारीका परियाजनामा गरेको लगानीको संरक्षणको अधिकार प्राप्त हुनेछ । परियोजना कार्यान्वयनका सन्दर्भमा हुनसक्ने गैर परियोजना सम्वद्ध जोखिमबाट हुन सक्ने हानी नोक्सानीको क्षतिपूर्ति दावी गर्ने अधिकार लगानीकर्तामा निहित रहनेछ ।

**५१. सम्झौता बमोजिम उपयोग गर्न पाउनेः** अनुमति प्राप्त स्वीकृत आयोजनाका लागि सम्झौता बमोजिम सार्वजनिक सम्पत्ति, वन क्षेत्र एवं प्राकृतिक स्रोतको उद्देश्य परक उपयोग गर्न पाउने लगानीकर्ताको अधिकार सुरक्षित रहनेछ ।

**५२. संरचनाको उपयोगमा हस्तक्षेप नगरिनेः** स्वीकृत परियोजनाको साझेदारी संरचनाको उपयोगमा हस्तक्षेप नगरिने तथा उचित संरक्षणको सुनिश्चितता हुनेछ ।

**५३. शुल्क उठाउन पाउने** : अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना अन्तर्गत सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग तोकिए बमोजिमको शुल्क उठाउन सक्नेछ ।

**५४. घर जग्गाआदिमाप्रवेश** : १) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमति पत्रप्राप्त व्यक्ति वा संस्थाले कुनै घर, जग्गा, उद्योग, कलकारखानाआदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नापनक्सा गर्न, माटो लगायत अन्यप्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसका लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वानिशानालगाउने प्रयोजनका लागि नगरपालिका संगको समन्वयमा सम्बन्धित धनीलाई अग्रीम सूचनादिई घर जग्गा आदिमाप्रवेश गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्नवालीवा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वाजग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेसिनरी, औजार आदि हटाउनु, भत्काउनु वालगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सो गर्न सक्नेछ ।

३) उपदफा(१)बमोजिम घर, जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकार वाला व्यक्तिवा संस्था तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिवा संस्थाको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

यस कार्यमा नगरपालिकाको सम्बन्धित वडाको प्रतिनिधिलाई समेत सहभागी गराउनु पर्नेछ ।

**५५. परियोजनालाई प्रतिकूल असर पर्ने गरी कुनै निर्माण गर्न वाकुनै काम गर्न निषेध गर्न सक्नेः**(१) सार्वजनिकनिजी साझेदारीमा कार्यान्वयन गरिने परियोजनालाई प्रतिकूल असर पर्ने गरी परियोजनास्थल र

सोको निश्चित दुरी भित्र पर्ने जग्गामाकुनै निर्माण कार्य गर्न वाप्रयोग गर्न निषेध गर्ने व्यवस्थाका लागि अनुमतिपत्रप्राप्त संस्थाले एकाइमानिवेदन दिन सक्नेछ ।

(२) उपदफा(१)बमोजिमको निवेदन प्राप्त भए पश्चात त्यस्तो निवेदनको व्यवहोरा मनासिव देखिएमा एकाइले समितिको निर्णय बमोजिम निषेधको सूचना जारी गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निषेधको सूचना कार्यान्वयनका कारणबाट सम्बन्धित घर जग्गा धनीलाई पुग्नगएको हानी नोक्सानी वापतको क्षतिपूर्ति अनुमति पत्रप्राप्त व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) उपदफा (४) बमोजिमको हानी नोक्सानीको मूल्यांकन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नका लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी समितिले निश्चित प्रयोजनका लागि एक क्षतिपूर्ति निर्धारण समितिको गठन गर्नेछ ।

सो समितिले सम्बन्धित धनीलाई वास्तविक रुपमाहानी नोक्सानी पर्न गएको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ र सोको व्यहोरा सम्बन्धित धनीलाई जानकारी गराइनेछ ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको क्षतिपूर्ति रकम तथा निर्धारणको विधि र तरिकामा चित्त नबुझेमा निर्णयको जानकारी प्राप्तभएको मितिले पन्ध्र दिनभित्र एकाइमार्फत समितिमा उजूरी गर्न सकिनेछ ।

यस्तो उजूरी उपर समितिले तीस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ र सम्बन्धित धनीलाई जानकारी गराउनु पर्नेछ र त्यस्तो निर्णय नै अन्तिम हुनेछ ।

५६. **घरजग्गा र अन्य सम्पत्ति प्राप्त गरिदिनेः** (१) अनुमति पत्रप्राप्त संस्थाले सम्झौता बमोजिमको परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घरजग्गा वा अन्य सम्पत्ति आफैले खरीद गरी वा अन्य तरिकाले व्यवस्था गर्नु पर्नेछ ।

(२) अनुमति पत्रप्राप्त व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिम खरीद गर्न वा अन्यव्यवस्था गर्न नसकेमा वा सम्झौतामाकुनै घरजग्गाप्राप्त गर्नुपर्ने उल्लेख भएकोमा एकाइले अनुमतिपत्रप्राप्त संस्थाको लिखित अनुरोध का आधारमा त्यस्तो घरजग्गा वा अन्य सम्पत्ति प्रचलित कानुन बमोजिमको प्रक्रिया अवलम्वन गरी प्राप्तगरिदिनेछ ।

यसरी घरजग्गा वा अन्य सम्पत्तिप्राप्तगर्दा जग्गाधनीलाई भुक्तानीदिनुपर्ने मूल्यांकन रकम सम्बन्धित अनुमति प्राप्त व्यक्ति वा संस्थाले तिरिदिनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको स्वामित्वमा रहेको जग्गा वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनका लागि आवश्यक भएमा समितिले नगरपालिकाको

स्वीकृतिलिई त्यस्तो जग्गा सम्झौतामा उल्लेख भएबमोजिमको कार्यका लागि लिज वा बहालमाप्रयोग गर्नेगरी उपलब्ध गराउनेछ ।

## परिच्छेद ८

## प्रोत्साहन, सुविधा र सहुलियत

५७. **प्रोत्साहनः**सार्वजनिकनिजी साझेदारीका परियोजनामा लगानी प्रवर्द्धनका लागि प्रोत्साहनका मौद्रिक तथा गैरमौद्रिकप्रोत्साहनप्रदान गर्ने व्यवस्थागरिने छ ।

५८. **कर दस्तूर छुट गरिनेः** सार्वजनिकनिजी साझेदारी अन्तर्गतकापूर्वाधार संरचना परियोजनका लागि कम्तीमा पांच बर्षसम्मको अवधिका लागि स्थानीयत हको कर दस्तूर छूट गरिनेछ ।

५९. **थप सुविधाउपलब्ध गराउन सक्नेः** कुनै लगानीकर्ताले परियोजना विकास र सन्चालनगर्दा सम्झौतामा उल्लेख भएको समय सीमा अगावै निर्माण कार्यसम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा प्रविधि तथा व्यवस्थापनको उच्चतम् प्रयोग गरी स्थानीयतहलाई थप लाभप्राप्त हुने अवस्थाको मूल्यांकन गरी त्यस्तो लगानीकर्तालाई समितिको सिफारिसमा नगरपालिकाले थप मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन प्रदान गर्न सक्नेछ ।

६०. **लिजवा भाडामा उपलब्ध गराउन सक्नेः** समितिले स्थानीय सरकारको स्वामित्वमा रहेको वा मातहतको निकायको स्वामित्वमा वा अधिनमा रहेको कुनै घरजग्गा वा पूर्वाधार संरचना अनुमति प्राप्त व्यक्ति वा संस्थालाई तोकिएको शर्त बमोजिम लिज वा भाडामा दिन सक्नेछ ।

**त्य**सैगरी, स्थानीय सरकारको स्वामित्वमा रहेको वामातहतको निकायको स्वामित्वमा वा अधिनमा रहेको कुनै मेशिन औजार वा अन्य त्यस्तै सम्पत्ति अनुमति प्राप्त व्यक्ति वा संस्थालाई तोकिएको शर्तको अधिनमा रहीविक्री गर्न वालिजवा भाडामा उपलब्ध गराउन सक्नेछ ।

६१. **सिफारिस गर्नेः** अनुमति प्राप्त व्यक्ति वा संस्थालाई संघ तथा प्रदेश तहबाट प्रदान गर्न सकिने सुविधा तथा सहुलियतका लागि नगरपालिकाले सिफारिस गरिदिन सक्नेछ ।

६१. **विदेशीमुद्राको सटही सुविधाः**स्वीकृत परियोजना कार्यान्वयनमा सम्झौताबमोजिम आवश्यक पर्ने मेशिनरी तथा सामग्रीको पैठारीका लागि अनुमति प्राप्त व्यक्ति वा संस्थालाई आवश्यक पर्ने विदेशीमुद्राको सटही सुविधा उपलब्ध गराउन सिफारिस गरिनेछ ।

६२. **प्रवेशाज्ञा उपलब्ध गराउने:** विदेशी लगानीका साझेदारी परियोजनाका लागि सम्झौतामा उल्लेख भएबमोजिम आवश्यक पर्ने विदेशी विशेषज्ञ जनशक्तिका लागि प्रवेशाज्ञा उपलब्ध गराउन सिफारिस र सहजीकरण गरिनेछ ।

## परिच्छेद ९

## संस्थागत व्यवस्था

६३. **समितिको गठन:** १) सार्वजनिकनिजी साझेदारी अन्तर्गत नगरपालिकाभित्र स्वदेशीवाविदेशी स्रोत परिचालन गरी पूर्वाधार संरचनाको निर्माण, पुनर्स्थापन, आधुनिकीकरण एवं कुनै सार्वजनिक सेवा क्षेत्रको विकास गरी सन्चालन गर्ने लगानी प्रवर्द्धन गर्ने समेतको कार्यको निर्देशन, समन्वय तथा प्रोत्साहन गर्ने सार्वजनिकनिजी साझेदारी निर्देशन तथा प्रवर्द्धन समितिको गठन गरिनेछ ।

२) उपदफा(१)बमोजिम समितिको गठन विधि देहायबमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | उपप्रमुख | उपाध्यक्ष |
| (ग) | नगरसभाका सदस्यमध्येबाट १ जनामहिला सहित ३जना | सदस्य |
| (घ) | नगरपालिकाकाप्रमुखप्रशासकीयअधिकृत | सदस्य |
| (ङ) | नगरपालिका भित्रको निजीक्षेत्रको छाता संगठनको अध्यक्ष | सदस्य |
| (च) | परियोजना सन्चालन हुने वडाका वडाअध्यक्ष | सदस्य |
| (छ) | नगरपालिकाको पूर्वाधार हेर्ने शाखाको प्रमुख | सदस्य |
| (ज) | नगर प्रमुखद्वारा मनोनि सम्बन्धित विषयको विज्ञ १ जना | सदस्य |
| (झ) | एकाइप्रमुख | सदस्य सचिव |

३) नगरपालिकाको सार्वजनिकनिजी साझेदारी एकाइले समितिको सचिवालयका रुपमाकार्य गर्नेछ ।

४) समितिलाई प्राविधिक रुपमा सहयोग पुऱ्याउने गरी आवश्यकता अनुसार विज्ञ समूह बनाई जिम्मेवारी दिन सकिनेछ ।

५) मनोनित विज्ञ सदस्यको पदावधि चार बर्षको हुनेछ । समितिले गरेको कार्यसम्पादन मूल्यांकनका आधारमा मनोनित विज्ञ सदस्यको पदावधिदुई बर्षका लागि थप गर्न सकिनेछ ।

६) सार्वजनिकनिजी साझेदारी अन्तर्गतको परियोजनामा निजीलगानी परिचालन गर्न समितिको तर्फबाट एकाइका प्रमुखले अनुमतिपत्रप्रदान गर्नेछ ।

६४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगरपालिकाको आर्थिक, सामाजिक तथा पर्यावरणीय उपयुक्तताका आधारमा सार्वजनिकनिजी साझेदारीको अवधारणा निर्माण गर्ने तथा समानुकूलन गर्ने,

(ख) सार्वजनिकनिजी साझेदारी अन्तर्गत कार्यान्वयनगरिने परियोजना तथा करारीय आधारमा सेवा सन्चालनगर्ने सम्बन्धी नीतितर्जुमा गर्ने, लगानी प्रवर्द्धन एवं प्रोत्साहनका रणनीति तथा कार्यनीतितर्जुमा गरी कार्यान्वयनमा लैजाने,

(ग) सार्वजनिकनिजी साझेदारीलाई प्रभावकारी र दिगो तुल्याउन नगरपालिकाको योजना, कार्यक्रम, बजेट तथा संस्थागत संरचनामाएकाकार गर्ने गरी रणनीतिगत व्यवस्था गर्ने,

(घ) सम्भाव्य परियोजनाको प्रारम्भिकविवरण तयार गर्ने तथा गरी त्यस्ता परियोजनाहरुको अध्ययन र सर्वेक्षण गर्ने, गराउने तथा प्राथमिकता सूचीतयार गर्ने,

(ङ) सम्भाव्य परियोजनाको बैंक संस्थागत गरी सन्चालन गर्ने,

(च) प्रतिस्पर्धात्मक रुपमाकार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाको वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय क्षमता मूल्यांकनका मापदण्ड तयार गरी स्वीकृत गराउने,

(छ) छनौट गरिएका परियोजनाहरुको पूर्वयोग्यताको सूचीतयार गर्ने, मनसायपत्र तथा प्रस्तावआब्हान गर्ने, प्रस्तावको मूल्यांकन, परियोजना स्वीकृति, लगानी स्वीकृतिका लागि सिफारिस गर्ने,

(ज) योग्य प्रस्तावक संग सम्वाद र वार्ता गरी सम्झौता गर्न सिफारिस गर्ने,

(झ) नगरपालिकामा सार्वजनिकनिजी साझेदारीका लागि सोझै प्राप्त हुन आएका परियोजनाएवं सहकार्यात्मक कार्यसन्चालन प्रस्ताव माथि अध्ययन, विश्लेषण तथा लेखाजोखा गरी प्रस्तावकलाई सर्वेक्षण अनुमतिपत्रप्रदान गर्न, लगानी स्वीकृत गर्नतथा प्रस्तावकसंग सम्झौता गर्न सिफारिस गर्ने,

(ञ) स्वीकृत परियोजनाको सम्झौताबमोजिम समयवद्ध कार्यान्वयन गराउने, अनुगमन गर्ने, गराउने, समस्याको पहिचान र समाधान गर्ने, गराउने, सहजीकरण गर्ने, गराउने तथा प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग प्रदान गर्ने,

(ट) परियोजनाको कार्यान्वयनमा वित्तीयएवं संस्थागत सुशासनकायम गर्न निर्देशन दिने, सघाउने,

(ठ) लगानीकर्तालाई आर्थिक तथा गैरआर्थिक सुविधा र सहुलियतउपलब्ध गराउन नगरपालिका लाई सिफारिस गर्ने,

(ड) स्वीकृत परियोजनाका लागि आवश्यक पर्ने हदबन्दीभन्दा बढीको जग्गा खरीद गर्न वा आवश्यक जग्गा अधिग्रहण गर्न वालिजमा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने,

(ढ) स्वीकृति परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउनएवं सार्वजनिकवन क्षेत्रको उपयोगका लागि अनुमति, इजाजत तथा स्वीकृतिलिनका लागि सिफारिस तथा सहजीकरण गर्ने,

(ण) नगरपालिकामा साझेदारी युक्त लगानी मैत्रीवातावरण निर्माण गर्ने तथा लगानीका लागि नगरपालिकालाई उत्कृष्ट गन्तव्यस्थलका रुपमा विकास गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायसंग सहकार्य गर्ने,

(त) एकाइलाई परियोजनाव्यवस्थापनको एकलविन्दु सेवा केन्द्रका रुपमा स्थापित गरी सेवाप्रदान गर्ने, गराउने,

(थ) सार्वजनिकनिजी साझेदारीका परियोजना तथा सेवा सन्चालनको कार्यलाई दक्ष र प्रभावकारी तुल्याउन तथा निजी क्षेत्रको लगानीआकर्षण गर्न नगरपालिकाको संस्थागत सुधार एवं जनशक्ति क्षमता विकासको योजनातयार गर्ने,

(द) सार्वजनिकनिजी साझेदारीका परियोजना कार्यान्वयनको आवधिक रुपमा समीक्षा गर्ने, सेवाको प्रभावकारिताको परीक्षण (auditing)गराउने, जवाफदेहिता मापन गराउने, उपभोक्ता सन्तुष्टी सर्वेक्षण गराउने,

(ध) सार्वजनिकनिजी साझेदारीका परियोजनाकार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी सूचना तथा प्रलेख स्रोत केन्द्रको स्थापना गरी क्रियाशीलतुल्याउने,

(न) समितिलाई प्रभावकारी तुल्याउन नवप्रवर्तनका उपाय पहिल्याउने, विज्ञ सन्जालको निर्माण गरी परिचालन गर्ने, अध्ययन अनुसन्धान गराउने, विभिन्न साझेदारबीच सम्बन्ध सन्जालको उपयोग गर्ने,

(प) सार्वजनिकनिजी साझेदारीका लागि लगानी प्रवर्द्धन गर्न नगर स्तरीय लगानी सम्मेलनको आयोजना गर्न संयोजन तथा सहजीकरण गर्ने,

(फ) नगरपालिकाले तोकेको अन्यकार्य गर्ने ।

६५. **समितिको बैठक सन्चालनव्यवस्था:**१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक आव्हान गर्नेछ ।

२) उपदफा(१)बमोजिमको बैठक एक आर्थिक बर्षमा कम्तीमा चार पटक र दुई बैठकबीचको फरक अवधितीनमहिनाभन्दा बढी हुने छैन ।

३) समितिको बैठकमा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

४) समितिले सम्बन्धित विषयमा विशेष ज्ञान र अनुभवहासिल गरेको विज्ञ व्यक्तिलाई समितिको बैठकमा सदस्यका रुपमाआमन्त्रित गर्न सक्नेछ ।

५) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

६) समितिको बैठक सम्बन्धी अन्यकार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६६. **अनुगमनतथा सहजीकरण एकाइः**(१)यस ऐन बमोजिमकार्यान्वयन हुने परियोजनाको कार्यान्वयनको स्थितिको अनुगमन गर्न, कार्यान्वयनका समस्याको पहिचान गर्न तथा समस्या समाधानका लागि सहजीकरण गर्न समिति अन्तर्गत एक अनुगमन तथा सहजीकरण एकाइ रहनेछ ।

(२) उपदफा(१)बमोजिमको एकाइको संयोजन उपप्रमुखले गर्नेछ ।

(३) उपदफा(१)बमोजिमको एकाइको अन्यकाम र कर्तब्य समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

६७. **सार्वजनिकनिजी साझेदारी एकाइः (१)** समितिको सचिवालयको जिम्मेवारीका रुपमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगरपालिकाका सम्वद्ध विषयगत प्रमुखहरु रहेको एक सार्वजनिकनिजी साझेदारी एकाइको गठन हुनेछ ।

(२) सार्वजनिकनिजी साझेदारी अन्तर्गतका परियोजनाको तयारी, योजना, कार्यान्वयन, समन्वय तथा सहजीकरण, अनुगमन र मूल्यांकनएवं सुधारका चरणमा एकाइको भूमिका रहनेछ ।

(३) समितिलाई प्रशासनिक तथा व्यवस्थापकीय विषयमा सहयोग गर्नुका साथै सार्वजनिकनिजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने, गराउने, साझेदार लगानीकर्ता छनौट गर्ने तथा लगानी तथा सार्वजनिकनिजी साझेदारीका विभिन्न विषयमा प्रवर्द्धनात्मक, समन्वयात्मक तथा सहयोगात्मक जिम्मेवारी एकाइले बहन गर्नेछ ।

(४) समितिको सचिवालयका रुपमाएकाइले कार्यसम्पादन गर्नेछ ।एकाइ सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद १०

## कोषको स्थापना

६८. **सम्भाव्यता न्यून परिपूरक कोष**ः १)पूर्वाधार संरचनामा लगानीको दीर्घकालीन सम्भावनाभएको तर वर्तमान अवस्थामानिजी क्षेत्रबाट लगानी हुन नसक्ने स्थितिलाई सम्वोधन गर्न तथा संभाव्यआयको तुलनामाला गत बढी हुने परियोजनालाई अनुदानउपलब्ध गराउन नगरपालिकाले सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्नेछ ।

२) उपदफा(१)बमोजिमको कोषमानगरपालिकाले विनियोजन गरेको रकम जम्मा गरिनेछ। यस्तो रकमको व्यवस्था नगरपालिकाको बार्षिक कार्यक्रम र बजेटमा समावेश गरिनेछ।

३) उपदफा(१)बमोजिमको कोषबाट परियोजनालाई संभाव्यबनाउन आवश्यक रकममात्र समितिको सिफारिसमा अनुदानदिइनेछ।

४) संघीय कानुनबमोजिम स्थानीय तहमा कार्यान्वयनगरिने परियोजनाले सम्भाव्यतान्यून परिपूर्ति कोषको सुविधापाउने प्रावधान रहेछ भने सो अनुसार स्थानीयतहमा प्राप्तहुनसक्ने दिगो आर्थिक तथा सामाजिकलाभ समेतलाई दृष्टिगत गरी समितिको सिफारिसमा नगरपालिकाले परियोजनालाई कोषबाट अनुदानउपलब्ध गराउन सक्नेछ।

५) संभाव्यतान्यून परिपूर्ति कोषको सन्चालनका लागि नगरपालिकाले कोष सन्चालन कार्यविधिबनाई कार्यान्वयनमाल्याउनेछ।

६) उपदफा(१)बमोजिमको कोषको सञ्चालन सम्बन्धी अन्यव्यवस्था तोकिएबमोजिम हुनेछ।

६९. **अन्य कोषको व्यवस्था:**परियोजना सम्वद्ध नगरपालिकाको वित्तीयजोखिमबहन गर्न तथा विभिन्नगैर परियोजना जोखिमका कारणले हुनसक्ने हानी नोक्सानीब्यहोर्ने तथा क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाले अन्य कोषको स्थापना तथा सन्चालनव्यवस्था गर्न सक्नेछ।

## परिच्छेद ११

## विवाद समाधान तथा गुनासो व्यवस्थापन

७०. **सम्वाद र समझदारीकाआधारमा विवादको समाधान गर्ने:** (१)परियोजनाकार्यान्वयन गर्ने सम्बन्धमा वा अन्य तरिकाका सार्वजनिकनिजी साझेदारीका सेवाको कार्यसन्चालन गर्ने सन्दर्भमा नगरपालिका र अनुमतिपत्रप्राप्त संस्थाबीचकुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी सम्वाद र समझदारीका आधारमा समाधान गर्न प्राथमिकता दिइनेछ।

(२) उपदफा(१)बमोजिमआपसी सम्वाद र समझदारीका आधारमा विवाद समाधान हुन नसकेमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधानगर्दा मध्यस्थताको कार्यविधि सम्झौतामाउल्लेख भएकोमा सोहीबमोजिम र नभएकोमा प्रचलितकानुनबमोजिम हुनेछ ।

**७१. गुनासो व्यवस्थापन गर्नेः** (१)सार्वजनिकनिजी साझेदारी अन्तर्गतका परियोजनाको कार्यान्वयनवा साझेदारीका अन्य कार्य सन्चालनका सिलसिलामा पक्षगत गुनासो सुन्ने, सम्वोधन गर्ने र समाधान गर्ने जिम्मेवारी सार्वजनिकनिजी साझेदारी अनुगमन तथा सहजीकरण एकाइले बहन गर्नेछ ।

(२) सार्वजनिकनिजी साझेदारीसंग सम्बन्धित गुनासो व्यवस्थापन कार्यविधि समितिले स्वीकृत गरी कार्यान्वयन गराउनेछ ।

## परिच्छेद १२

## विविध

**७२. गैरसरकारी संस्थावा स्थानीय सामुदायिक संघसंस्था संगको सहकार्यमा परियोजना कार्यान्वयन गर्न सकिनेः** (१) रुपैयां पचास लाखसम्मको साझेदारीका परियोजना स्थानीय गैरसरकारी संस्थावा स्थानीय सामुदायिक संगठन वाउपभोक्ता संगठन संगको साझेदारीमा सन्चालन गर्न सकिनेछ ।

(२) वडास्तरमा प्रवाह हुने नागरिक सेवाको व्यवस्थापन तथा सन्चालन स्थानीयस्तरका गैरसरकारी संस्थावा स्थानीय सामुदायिक संघसंस्थालाई सेवाप्रवाह करारका आधारमा गर्न सकिनेछ । यसरी करारमा सेवाप्रवाहको कार्यजिम्मेवारी दिंदाप्रतिस्पर्धाका आधारमा साझेदारी गर्नुपर्नेछ ।

(३) उपदफा(१)बमोजिमको साझेदारीका लागि कार्यविधिबनाई लागू गरिनेछ ।

**७३. संघ, प्रदेश वाअन्य स्थानीय सरकारसंगको साझेदारीमा परियोजनाकार्यान्वयन गर्न सकिनेः** यस ऐन बमोजिमको सार्वजनिकनिजी साझेदारीका अन्तर्गतको परियोजना संघ सरकार, प्रदेश सरकार वाअन्य स्थानीयतहका सरकारी निकायसंगको साझेदारी र सहकार्यमा कार्यान्वयन गर्न सकिनेछ ।

**७४. सार्वजनिकनिजी साझेदारी वडापत्रः** नगरपालिकाले सार्वजनिकनिजी साझेदारीका परियोजनाको संचालनपारदर्शी, जवाफदेहीयुक्तएवं दक्षतापूर्वक गर्ने कुराको प्रत्याभूतिका लागि सार्वजनिकनिजी साझेदारी वडापत्र जारी गर्नेछ ।

**७५. विद्युतीय माध्यमबाट कामकारवाहीगर्नेः** सार्वजनिकनिजी साझेदारीका परियोजनाको व्यवस्थापन तथा सेवाप्रवाहको संचालनमा कार्यदक्षता, एकरुपता, समानताएवं पारदर्शीता कायम गर्न विद्युतीय माध्यमको उपयोग गर्न सकिनेछ ।

७६. **स्थानीय साधनस्रोतको प्रयोग गर्नेः** परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमति प्राप्त व्यक्ति वा संस्थाले सम्भव भएसम्म स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गर्नुका साथै मुलुकभित्रउत्पादन हुने वस्तु तथा सेवाको प्रयोग गर्नुपर्नेछ ।

७७. **निजीक्षेत्रले अख्तियारनामा दिन सक्नेः** सार्वजनिकनिजी साझेदारी अन्तर्गतका परियोजनाको कार्यान्वयनको सिलसिलामा अनुमति प्राप्त व्यक्तिले आफ्नो विश्वासका व्यक्तिलाई वा अनुमति प्राप्त संस्थाले आफु मातहतका पदाधिकारीलाई अख्तियारनामा दिन सक्नेछ ।

७८. **समितिले अधिकार प्रत्यायोजन गर्न सक्नेः** छिटो छरितो तथा दक्षताहासिल हुने गरी समितिको कार्यसम्पादन गराउनका लागि प्रमुख प्रशासकीय अधिकृत वा एकाइका प्रमुख वा अनुगमन तथा सहजीकरण एकाइका प्रमुखलाई कार्यसम्पादन उपलब्धिका सूचकनिर्धारण गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

७९. **नियमबनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमबनाउन सक्नेछ ।

८०. **निर्देशिका तथा कार्यविधिबनाई लागू गर्न सक्नेः** यस ऐन तथा अन्तर्गत बनेका नियमको प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि समितिको सिफारिसमा नगरपालिकाले आवश्यक मार्गदर्शन, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

८१. **प्रचलितकानुनबमोजिम हुनेः** यस ऐन वा अन्तर्गत बनेका नियममा लेखिएको विषयमा यसै ऐन वा नियम बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

८२. **व्याख्या तथा बचाउः**(१) यस ऐन तथा ऐन अन्तर्गतका नियम, निर्देशिका तथा कार्यविधिको कार्यान्वयन प्रचलित कानुन प्रतिकूलनहुने गरी कार्यान्वयन गरिनेछन् ।

(२) यस ऐनको व्याख्यामा कुनै द्विविधान पर्न गएमा समितिको निर्णय बमोजिम हुनेछ ।

८३. **ऐन संशोधनः** सार्वजनिकनिजी साझेदारी पद्धतिको स्थानीय तहमा प्रभावकारिता हासिल हुने गरी समितिको सिफारिसमा नगर सभाले ऐनमा आवश्यक परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**

कैलाश बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत